नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: -

## प्रेस विज्ञप्ति

कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि दैनिक रुपमा सम्पादित कार्यहरुको सन्दर्भमा गृह मन्त्रालयका अनुसार अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन ज्येष्ठ ३१ गते २९२ स्थानमा अनुगमन भएको छ। नेपाल प्रहरीका अनुसार स्थानीय प्रशासनले हाल सम्म १०,७२७ अक्सिजन सिलिण्डर विभिन्न स्रोतबाट सङ्कलन गरी १०,२०३ अक्सिजन सिलिण्डर विभिन्न अस्पतालहरुलाई वितरण गरिएको छ। विगत २४ घण्टामा निषेधाज्ञा उल्लङ्घन गर्ने २,३५९ सवारीसाधनलाई र मास्क प्रयोग नगरी हिडडुल गर्ने ४,३५३ जनालाई कारवाही गरिएको छ। ज्येष्ठ ३१ गते देशभरका विभिन्न सीमा नाकाहरुबाट २,४१७ नेपाली नागरिकहरुले नेपाल प्रवेश गरेका छन्।

अर्थ मन्त्रालयका अनुसार कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारको लागि ११,८९,३२५ थान मेडिकल उपकरणहरु, २६,५२८ एम.टी.क्यू. अक्सिजन, ५०० भायल्स कोभिड-१९ भ्याक्सिन, ३३४ के.जी. कोभिड-१९ टेस्ट किट र स्यानिटाईजर लगायतका औषधीहरु पैठारी भएको छ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार काठमाडौं उपत्यका भित्र ५,४८२ र काठमाडौं उपत्यका बाहिर ७,८५२ गरी जम्मा १३,३३४ सिलिण्डर अक्सिजन आपूर्ति भएको अवस्था छ। साथै, देशभर सबै अक्सिजन उद्योगहरु संचालनमा रहेका छन्। संयुक्त बजार अनुगमन टोली बाट अत्यावश्यक दैनिक उपभोग्य वस्तुको नियमित बजार अनुगमनको क्रममा २ वटा खाद्यान्न पसल र ४ वटा स्वास्थ्य सामग्री पसल गरी जम्मा ६ वटा पसलको अनुगमन भएकोमा ४ वटा पसललाई रु. ६०,००० जरिवाना गरिएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार क्यानाडा सरकारबाट युनिसेफ मार्फत ६०० थान अक्सिजन कन्सन्ट्रेटर प्राप्त भएको छ। साथै, सिचुवान प्रोभिन्सियल पिपल एसोसिएसन फर फ्रेन्डशिप विद् फरेन कन्ट्रीज र चेंग्दू ए.आई.डी.आई. आई हस्पिटलले नेपाललाई प्रदान गरेको स्वास्थ्य सामग्रीहरु सतहीमार्ग बाट २०७८/०३/०७ सम्ममा तातोपानी भन्सार नाकामा आइपुग्ने जानकारी प्राप्त भएकोले सो सामग्रीहरु बुझिलिन आवश्यक समन्वय भैरहेको छ।

२०७८/०३/०१

किरणराज शर्मा
प्रवक्ता

टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np